सबैका लागी रोजगार, सबैधानिक अधिकार

# प्रधानमन्त्री रोजगार कार्यक्रम

## संक्षिप्त परिचय


प्रस्तुतकर्ता

बिनोद भण्डारी

रोजगार संयोजक

ग्रामथान गाउँपालिका,

तेतरिया,मोरङ

# प्रस्तुतीका विषयहरु

२

- प्रधानमन्त्री रोजगार कार्यक्रमको सामान्य जानकारी
- रोजगार सेवा केन्द्रको काम, कर्तव्य  र अधिकारको सम्बन्धमा जानकारी
- बेरोजगार व्यक्ति,परिवार,निर्वाहभत्ता र न्यनुतम रोजगारीको परिभाषा
- बेरोजगार व्यक्ति सुचिकरण  र रोजगार प्राप्त गर्ने तरिका
- बेरोजगार व्यक्ति /परिवारले पाउने सेवा सुविधाको वारेमा जानकारी
- यो कार्यक्रम अन्तरगत गाउँ/नगर कार्यपालिकाको भुमिका सम्बन्धि जानकारी
- यस कार्यक्रम अन्तर्गत वडा कार्यालयको भुमिका समबन्धी जानकारी
- संरचनात्मक  रोजगार प्राप्त गर्ने क्षेत्रहरु

# प्रधानमन्त्री रोजगार कार्यक्रम के हो ?



- नेपालको संविधान २०७२ को भाग ३३ मा उल्लेखित रोजगारीको हकलाई कार्यान्वयन गर्न रोजगार ऐन, २०७५ ,नियमावली २०७५ र यस अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रम प्रत्येक स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना गरी बेरोजगारहरुको पहिचान र सूचीकरण गर्ने र सूचीकृत भएका बेरोजगार व्यक्तिहरूलाई एक आर्थिक वर्षमा न्यूनतम एक सय दिनको रोजगारी प्रत्याभूति गरिने व्यवस्था गरेको र न्यूनतम रोजगारी प्रदान गर्न नसके नेपाल सरकारले हरेक वेरोजगार परिवारलाई एक जना श्रमिकले एक सय दिन काम गर्दा प्राप्त गर्ने न्यूनतम पारिश्रमिकको पचास प्रतिशत रकम निर्वाह भत्ता दिनु पर्ने व्यवस्था अनुरुप सूचीकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न व्यावसायिक कृषि, सिंचाई, खानेपानी, नदी नियन्त्रण, वन, पर्यटन, यातायात पूर्वाधार लगायतका सार्वजनिक निर्माण तथा अन्य सार्वजनिक कार्यहरुमा सहकार्य र समन्वय गरी एकिकृत रुपमा थप आन्तरिक रोजगारी सिर्जना गर्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहहरुका सार्वजनिक निर्माण तथा सार्वजनिक क्षेत्रका अन्य कार्यक्रमहरुमा पर्याप्त संख्यामा थप रोजगारी सिर्जना गर्ने गरी समन्वयात्मक र योजनावद्ध ढंगले तिनीहरुको कार्यान्वयनको प्रवन्ध गर्ने कार्यक्रम प्रधानमन्त्री रोजगार कार्यक्रम हो ।

# प्रधानमन्त्री रोजगार कार्यक्रम .....

४

लक्ष्य: रोजगारीको प्रत्याभुति मार्फत नागरिकको जीवनस्तरमा सुधार र समृद्धी हासिल गर्ने।

उदेश्य: यो कार्यक्रमका मुख्यरुपमा ४ वटा उदेश्यहरु रहेकाछन

- वेरोजगार व्यक्तिलाई न्युनतम रोजगारीको प्रत्याभुती मार्फत रोजगारीको हक कार्यान्वयन गर्ने।
- लक्षित परिवारको जीवनयापनमा प्रत्यक्ष सघाउ पुर्याउन आवश्यक पुर्वधारहरुको विकास विस्तारमा सहयोग गर्ने।
- व्यवसायिक सीपयुक्त जनशक्ति तयार गरी स्वरोजगार प्रवर्द्धन गर्ने।
- न्युनतम रोजगारी प्राप्त नगर्ने परिवारलाई निर्वाह भत्ता मार्फत सामाजिक सुरक्षाको प्रत्याभुती गर्ने।

# कार्यक्रमको दीर्घकालिन सोंच र लक्ष्य



## लक्ष्य

आन्तरिक रोजगारीका अवसरमा वृद्धि

सामाजिक सुरक्षाको प्रवर्धन

## दीर्घकालीन सोच

सबैका लागि रोजगारीको प्रत्याभूति

नागरिकको जीवनस्तरमा सुधार

# कार्यक्रमको उदेश्यहरु



(क) न्यूनतम रोजगारीको प्रत्याभूतिका लागि रोजगार सेवा र सहायता प्रदान गर्ने

(ख) दक्ष र सक्षम जनशक्ति विकास गरी आन्तरिक रोजगारीको प्रवर्धन र विस्तार गर्ने

ग) सरकारी, नीजि, सहकारी तथा गैरसरकारी क्षेत्रवीचहरुको समन्वय र सहकार्य गरी थप रोजगारीको अवसर सिर्जना गर्ने

(घ) रोजगारी सिर्जनाका लागि नीतिगत र संरचनात्मक व्यवस्था गर्ने

(ङ) सार्वजनिक पूर्वाधारहरुको निर्माण, स्तरोन्नति र विस्तारमा योगदान गर्ने

(च) रोजगारी सिर्जनासम्बन्धी अध्ययन अनुसन्धान गरी रोजगारीका नयाँ क्षेत्र पहिचान गर्ने



# कार्यक्रमको लक्षित समूह





**बेरोजगार व्यक्ति र निजको परिवार**



**१८ देखि ५९ वर्षको उमेर समूह**

# रोजगार सेवा केन्द्र के हो ?



- नेपाल सरकारले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी स्थानीय तह मातहतमा रही कार्य गर्नेगरि प्रत्येक स्थानीय तहमा एक रोजगार सेवाकेन्द्र स्थापना गर्ने छ (रोजगार हक ऐन २०७५ को दफा १०)
- रोजगार संयोजकले सम्वन्धित स्थानीय तहसंग समन्वय गरि ऐन तथा यस नियमावली वमोजिम रोजगार कार्यक्रम संचालन गर्नु पर्नेछ।
- रोजगार संयोजकलाई सहयोग पुर्याउन सम्वन्धित स्थानीय तहले रोजगार सेवा केन्द्रमा कामकाज गर्ने गरि आवश्यक कर्मचारी खटाउन सक्नेछ।

# रोजगार सेवा केन्द्रको प्रमुख भुमिका



१. बेरोजगार व्यक्तिको आवेदन संकलन र दर्ता

२. उपलव्ध रोजगारीको अवसरहरुको सूचना संकलन र प्रकाशन

3. रोजगारीको खोजीमा रहेकाहरुलाई आवश्यक सेवा तथा सहायता

४.कार्यक्रमहरुको संयोजन

५. श्रम बजार र सीप विकास सम्बन्धि सूचना प्रभाव

६. बेरोजगार सेवा तथा सुविधा

# रोजगार सेवा केन्द्रको काम कर्तव्य र अधिकार



- स्थानीय तह भित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरि बेरोजगारको सुचि तयारी तथा अद्यावधिक गर्ने।
- सुचिकृत बेरोजगार व्यक्तिलाई परिचय पत्र वितरण गर्ने।
- स्थानीयतह भित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सो को सुचना प्रवाह गर्ने
- स्थानीय तह भित्रको रोजगारीको संभाव्य स्थिति विश्लेषण गरि रोजगारीको तथ्याङ्क संकलन गर्ने रोजगार नक्शांकन गर्ने तथा रोजगारीका अवसरको अभिलेखांकन गर्ने।
- रोजगारदाताका लागि श्रमिकको उपलब्धताको संभाव्यता जानकारी गराउने ।
- रोजगारदाताबाट माग भए वमोजिम सुचिकृत वेरोजगार व्यक्तिलाई रोजगारिका लागि काममा जान सुचित गर्ने ।
- वेरोजगारहरुको ज्ञान सीप योग्यता अनुभव र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालीमको पहिचान गरि सम्वन्धित तालीमकेन्द्रमा सिफारिस गर्ने।

# रोजगार सेवा केन्द्रको काम कर्तव्य र अधिकार



- आफ्ना काम कार्यवाहीका वारेमा नियमित रुपमा सम्वन्धित गाउँ/नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्ने
- आफुले गरेका काम कार्यवाहीको सम्वन्धमा मन्त्रालयले तोकेको ढाँचामा मन्त्रालय र प्रदेशको रोजगारी सम्वन्धि विषय हेर्ने मन्त्रालयमा मासिक रुपमा प्रतिवेदन पठाउने।
- आफ्नो कार्य क्षेत्र भित्रवाट वैदेशिक रोजगरीमा जान चाहाने व्यक्तिहरुका लागि सुचना संप्रेषण गर्ने।
- वैदेशिक रोजगार प्रवर्द्धन वोर्डवाट उपलव्ध गराइने आर्थिक सहायता वितरण सम्वन्धि कार्यमा सहयोग पुर्याउने।
- वेरोजगार परिवारलाई प्रदान गर्ने निर्वाह भत्ता वितरण गर्ने।
- रोजगार सम्वन्धि सरोकारवालाहरुलाई अन्य सेवा प्रदान गर्ने।

# बेरोजगार व्यक्ति,परिवार र न्युनतम रोजगारको परिभाषा



- बेरोजगार व्यक्ति भन्नाले एक आर्थिक वर्षमा न्यूनतम १०० दिन रोजगारमा संलग्न नभएको वा कम्तिमा तोकिए वमोजिमको आयआर्जन हुने स्वरोजगारमा संलग्न नरहेको १८ वर्ष देखि ५९ वर्ष उमेर समुहको नागरिक बुझिन्छ । रोजगारीको हक सम्बन्धी ऐन २०७५, दफा २ (ङ)
- परिवार भन्नाले एका सगोलमा बस्ने पति,पत्नी,अविवाहिता छोरा छोरी,अविवाहिता धर्म पुत्र धर्मपुत्री,बाबु,आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले निज आफैंले पालनपोषण गर्नु पर्ने हजुरबुबा र हजुरआमालाई समेत जनाउँछ। ऐ ऐ ऐन को दफा २ (घ)
- न्युनतम रोजगार भन्नाले रोजगारीको हक सम्बन्धी ऐन २०७५ बमोजिम एक आर्थिक बर्षमा उपलब्ध गराईने कम्तिमा १०० दिनको न्युनतम रोजगार अवधि सम्झनु पर्छ। ऐ ऐ ऐनको दफा २ (ग)

# प्रस्तुतीको विषय



## बेरोजगार व्यक्ति सुचिकरण तथा रोजगार प्राप्त गर्ने प्रकृया के हो ?

# बेरोजगार व्यक्ति सुचिकरण तथा रोजगार प्राप्त गर्ने तरीका





# बेरोजगार दर्ता तथा रोजगार प्राप्त गर्ने तरिका



१. बेरोजगार व्यक्तिको निवेदन दर्ता (वडा कार्यालय मार्फत)

२. आवेदन उपर छानविन (वडा कार्यालय मार्फत

३. रोजगार सेवा केन्द्रले मापदण्डको आधारमा आवेदनको छानविन

४. कार्यपालिकाको निर्णय मार्फत बेरोजगार व्यक्तिको सूची प्रकाशन

५. रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टी

६. प्राथमिकताको सूची प्रकाशन

७. रोजगारीमा खटाउने

# बेरोजगार व्यक्तिको सूचिकरण तथा रोजगार प्राप्त गर्ने तरिका





# बेरोजगार व्यक्तिलाई रोजगारीमा खटाउने प्रकृया



रोजगारदाता

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कृषि, सहकारी तथा पशु विकास | उर्जा, सिचाइ तथा नदी नियन्त्रण | खानेपानी तथा सरसफाई | वन तथा वातावरण | पर्यटन प्रवर्द्धन | सडक यातायात | शिक्षा, युवा तथा खेलकुद | पुनः निर्माण | सामूदायिक पूर्वाधार निर्माण | ठूला तथा राष्ट्रिय गौरवका आयोजना | सूचना तथा संचार प्रविधि | उद्योग | स्वास्थ्य | अन्य ........ |

सार्वजनिक क्षेत्र

निजी क्षेत्र

सहकारी क्षेत्र

गैरसरकारी क्षेत्र

श्रमिकको माग

माग भएको सीप र क्षमताको विश्लेषण

सूचिकृत बेरोजगार व्यक्ति

सूचिकृत बेरोजगारको सीप र क्षमता

रोजगारदाता र बेरोजगार बीच सम्पर्क स्थापना

रोजगारीमा नियुक्ति वा रोजगारमा खटिने

# निर्वाह भत्ताको वितरण



रोजगार तथा स्वरोजगार कार्यक्रमहरु

न्यूनतम रोजगारीको उपलब्धता

उपलब्ध भएको

उपलब्ध नभएको । उपलब्ध नभएको दिनको गणना

रोजगार उपलब्ध हुन नसकेको

रो.से.के.को प्रमाणिकरण

स्थानीय सरकारको सिफारिस

मन्त्रालयले निर्वाह भत्ताको निर्णय

लाभग्राहीको विवरण, बैंक खाता र रकमको विवरण म.ले.नि.का.मा पठाउने

को.ले.नि.का. मार्फत सम्वन्धित लाभग्राहीको बैंक खातामा जम्मा गर्ने

रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक हुने

# निर्वाह भत्ता



•निर्वाह भत्ता भन्नाले नेपाल सरकारले रोजगार कन्द्रमा सुचिकृत बेरोजगार व्यक्तिलाई न्युनतम रोजगार उपलब्ध गराउन नसकेमा एक आर्थिक बर्षमा मन्त्रालयले तोकेको न्यूनतम परिश्रमिकको एकसय दिन बराबर रकमको पचास प्रतिशत रकम तोकिएको सर्तको अधिनमा रही निर्वाह भत्ता उपलब्ध गराउने छ। ऐनको दफा २२ (१)

• निर्वाहभत्ता प्रदान गरिने आधारहरु (वडा कार्यालयको र गाउँकार्यपालिको सिफारिसमा,बैक खाता मार्फत भुक्तानी)

- परिवारको कुनै सदस्यले तोकिए बमोजिमको रोजगारी नपाएमा,
- नेपाल सरकारले तोकेभन्दा कम वार्षिक आय भएका परिवारलाई,
- परिवारको कुनै सदस्य स्वरोजगार नभएमा,
- परिवारको कुनै सदस्य बैदेशिक रोजगारीमा नगएकोमा ,
- सामाजिक सुरक्षा कोष वा अन्य कुनै सरकारी कोष वा रोजगारदातावाट नियमित रुपमा कुनै सहायता नलिएको अवस्थामा,

# बेरोजगार व्यक्तिले पाउने सेवा सुविधा



- रोजगार सूचना संकलन तथा सम्प्रेषण
- बेरोजगारको पहिचान तथा सूचिकरण
- रोजगारदातासंग समन्वय तथा सहकार्य
- रोजगारीमा प्राथमिकता अनुसार श्रमिकको परिचालन
- रोजगारीमा लगाउने (Job Placement)
- सीप तथा तालिमको आवश्यकता पहिचान
- स्वरोजगारका लागि प्रोत्साहन
- निर्वाह भत्ता

# बेरोजगार व्यक्तिले पाउने सेवा सुविधा



## बेरोजगार व्यक्तिले पाउने मुख्य सेवा

- एक आर्थिक वर्षमा न्यनतम १०० दिन बरावरको रोजगारी।
- रोजगार सुचना परामर्श र सहजिकरण।
- व्यवसायिक तथा सीप विकास तालीम।

## बेरोजगार परिवारले पाउने सुविधा

- न्यूनतम १०० दिनको रोजगारी प्राप्त नगरेको अवस्थामा रोजगारी नपाएको दिनको न्यूनतम पारिश्रमिकको पचास प्रतिशतका दरले हुन आउने रकम निर्वाह भत्ताका रुपमा उपलव्ध गराउने। (यो रकम गाउँ वा नगर कार्यपालिकाको निर्णयमा कोलेनिका मार्फत परिवारका वेरोजगार व्यक्तिहरुको मन्जुरी नामा सहित सिफारिस भई आएको व्यक्तिको वैक खातामा सोझै भुक्तानी गरिनेछ )

# प्रस्तुतीको विषय



## PMEP कार्यक्रम अन्तरगत गाउँ/नगर कार्यपालिकाको भुमिका के हो ?

# PMEP अन्तरगत गाउँ/नगर कार्यपालिकाको भुमिका



- स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान बमोजिम आफ्नो क्षेत्रभित्रका बेरोजगार व्यक्तिहरुको तथा रोजगार दाताहरुको तथ्याङ्क संकलन गर्ने गराउने ।
- वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तह भित्र रोजगारी सृजनालाई प्राथमिकता दिने ।
- प्राविधिक रुपले मेशिनको प्रयोग नगरि नहुने काम वाहेकका स्थानीय आयोजनाहरुको निर्माण श्रममुलक प्रविधिको प्रयोगवाट गर्ने नीति स्वीकृत गरि कार्यान्वयन गर्ने ।
- बार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा सृजना हुने रोजगारीमा रोजगार सेवा केन्द्रबाट बेरोजगार व्यक्तिको सुचीमा सुचिकृत श्रमिक माग गरि काममा लगाउने ।
- काममा लगाईएका बेरोजगार व्यक्तिहरुको काम गरेको दिनको पारिश्रमिक बैंकिङ प्रणाली मार्फत समयमै भुक्तानी दिने व्यवस्था मिलाउने ।

# PMEP अन्तरगत गाउँ/नगर कार्यपालिकाको ......



- यस कार्यक्रम कार्यान्यनका लागि मन्त्रालय र प्रदेशको सम्वन्धित मन्त्रालयसंग आवश्यक समन्वय सहयोग र सहकार्य गर्ने ।
- रोजगारी सृजनाका लागि स्थानीय तहका निजि तथा गैह्रसरकारी संस्थाहरु संग समन्वय साझेदारी र सहकार्य गर्ने ।
- नियमित कार्यक्रम अन्तरगतका आयोजनामा सृजना भएका रोजगारीका अवसरहरु सुचिकृत बेरोजगार व्यक्तिहरुका लागि पर्याप्त नभएमा थप रोजगारी सृजना गर्न कामका लागि पारीश्रमिक ढाँचामा छुट्टै रोजगार आयोजनाहरुको तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।
- मन्त्रालय र व्यवसायिक तथा सीप विकास तालिम प्रतिष्ठान संगको समन्वयमा बजारको माग अनुरुपको व्यवसायिक तथा सीपमुलक तालीम कार्यक्रम संचालन गर्ने गराउने ।

# PMEP अन्तरगत गाउँ/नगर कार्यपालिकाको ......

२५

- रोजगार सेवा केन्द्रलाई आवश्यक निर्देशन दिने तथा यसको प्रभावकारी संचालनका लागि आवश्यक सहयोग,सहजिकरण र समन्वय गर्ने ।
- बेरोजगर व्यक्तिहरुको पहिचानमा सृजना हुने विवादका सम्वन्धमा रोजगार सेवा केन्द्रवाट पेश भई आएकोमा विस्तृत अध्ययन गरि अन्तिम निर्णय दिने ।
- यो कार्यक्रम अन्तरगत संचालित आयोजनाको आयोजना स्तरमा सृजना हुने विवादहरुको समाधान गर्ने ।
- नियमित कार्यक्रम वाहेक रोजगारी सृजनाका विषेश कार्यक्रमहरु विकास गरि कार्यान्वयन गर्ने (योजना शाखा)
- यो कार्यक्रम कार्यान्वयनमा रोजगार सेवा केन्द्र संग आवश्यक समन्वय सहयोग र सहकार्य गर्ने ।

# रोजगारी सिर्जना गर्नुपर्ने



सरकारी निकायहरुले निश्चित प्रतिशत बजेट रोजगारी सिर्जनामा खर्च गर्नुपर्ने

श्रमप्रधान प्रविधिको प्रयोग गर्नु पर्ने (१ करोड सम्मको आयोजनामा सम्भव भएसम्म मेसिनको प्रयोग नगर्ने)

अलग्गै रोजगार कार्यक्रम सञ्चालन गर्न सक्ने (कामका लागि पारिश्रमिक वा श्रमिकको ज्यालाको रकममा साझेदारी)

# प्रस्तुतीको विषय



## PMEP कार्यक्रम अन्तरगत वडा कार्यपालिकाको भुमिका के हो ?

# PMEP अन्तरगत वडा कार्यालयको भुमिका

२८

- वडा भरिका बेरोजगार व्यक्तिले वेरोजगार व्यक्तिको सुचीमा दर्ताका लागि दिएको निवेदन संकलन गर्ने र रोजगार सेवा केन्द्रमा वुझाउने ।
- बेरोजगार व्यक्तिको पहिचान प्रक्रिया र रोजगारी प्रदान गर्ने प्रकृयामा सृजना भएका गुनासाहरुको संकलन गरि रोजगार सेवा केन्द्रमा वुझाउने ।
- वडा स्तरका रोजगार आयोजनाहरुको तर्जुमा कार्यान्वयन र अनुगमनमा गाउँ/नगर कार्यपालिकालाई आवश्यक सहयोग गर्ने ।
- गाउँ कार्यपालिका वा नगर कार्यपालिकाले यस कार्यक्रमका सम्वन्धमा जिम्मा दिएका अन्य कार्यहरु गर्ने ।

# संरचनात्मक व्यवस्था



## समितिहरु

- संघीय निर्देशक समिति (मा. श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीज्यूको अध्यक्षतामा)
- प्रदेश निर्देशक समिति (मा. सामाजिक विकास मन्त्रीज्यूको अध्यक्षतामा)
- जिल्ला समन्वय समिति
- स्थानीय निर्देशक समिति (अध्यक्ष वा प्रमुखको अध्यक्षतामा)
- रोजगार सम्बाद मञ्चहरु (संघ, प्रदेश र स्थानीय तहमा)
- विज्ञ समूहहरु

# धन्यवाद